**गोरखा नगरपालिका, शिक्षक छनौट समिति**

**गोरखा नगरपालिका- ८ डुम्रीडाँडा गोरखा**

**शिक्षक करारमा पदपूर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना**

गोरखा नगरपालिकाको शिक्षा ऐन २०७४ को दफा ३४ को उपदफा ८ मा भएको व्यवस्था अनुसार सामुदायिक विद्यालयहरुमा रहेका रिक्त शिक्षक पद करारका माध्यमबाट अस्थायी पद पूर्ति गर्नुपर्ने भएकोले देहायको शर्त र परिधिको अधीनमा रही रितपूर्वक दरखास्त पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**१. रिक्त शिक्षक पदको किसिम, तह श्रेणी र विषयः**

**क. माध्यमिक तहः**

| सि नं | रिक्त पदको किसिम | विषय | विज्ञापन नं | आवश्यक पद संख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साविक उमावि | लेखा | ३०१/२०७६/०७७ | १ | खुला | दरबन्दी |
| २ | साविक उमावि | अंग्रेजी | ३०२/२०७६/०७७ | १ | खुला | राहात |

**ख. प्राथमिक तहः**

| सि नं | रिक्त पदको किसिम | विषय | विज्ञापन नं | आवश्यक पद संख्या | विज्ञापनको किसिम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्राथमिक | | १०१/२०७६/०७७ | १ | खुला | करार अनुदान |
| २ | प्राथमिक | | १०२/२०७६/०७७ | १ | खुला | सट्टा |

**२. उम्मेदवारको योग्यताः**

- साविक उच्च माध्यमिक तहको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी साविक उमावि अस्थायी वा मावि तहको स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्नेछ।
- प्राथमिक तहको हकमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरी अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनुपर्ने छ।

**३. परीक्षाको किसिमः** लिखित र मौखिक

**४. परीक्षा केन्द्रः** गोरखा नगर कार्यपालिकाको कार्यालय, गोरखा।

**५. परीक्षा दस्तुरः साविक उमावि तहको लागि रु** १०००।– र प्राथमिक तहको लागि रु ५००।-

**६. दरखास्त दिने स्थानः** शिक्षा, युवा तथा खेलकुद शाखा गोरखा नगरपालिका।

७. **प्रथम पटक विज्ञापन भएको मितिः** साविक उमावि लेखा, प्रावि करार र सट्टाको २०७६/०४/२७ र साविक उमावि अंग्रेजीको २०७६।०४।३०

**८. दरखास्त दिने अन्तिम मितिः** साविक उमावि लेखा, प्रावि करार र सट्टाको २०७६/०५ /०९ र साविक उमावि अंग्रेजीको २०७६।०५।१२

**९. लिखित परीक्षाको मिति**ः सम्पर्क मितिमा तोकिनेछ ।

**१०. अन्तरवार्ता**ः लिखित परीक्षाको नतिजा प्रकाशनसँगै मिति, समय र स्थान तोकिने छ ।

**११. दरखास्त फारामसाथ अनिवार्य रुपमा पेश गर्नुपर्ने कागजातहरुः**

- नेपाली नगरिकताको प्रमाणित प्रतिलिपि ।
- सम्बन्धित तहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- सम्बन्धित तहको अध्यापन अनुमतिपत्रको प्रतिलिपि ।

**१२. विज्ञापन सम्बन्धी थप जानाकारीहरुः**

- शिक्षक सेवा आयोग नियमावली संशोधन सहित, २०५७ को नियम १० बमोजिम उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ ।
- विदेशी संस्थामा अध्ययन गरेको उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
- सम्वन्धित तहको पाठ्यक्रम शिक्षक सेवा आयोगको वेवसाइट www. tsc. gov.np बाट डाउनलोड गर्न सकिने छ ।
- दरखास्त फारामको अग्र भागमा उम्मेदवारले आफ्नो नाम थर विज्ञापन नं. र आफूले परीक्षा दिने विषय, तह स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।
- कुनै उम्मेदवारले झुटा विवरण/ कागजात पेश गरेको पाइएमा निजको दरखास्त फाराम अस्वीकृत गरिनेछ । यदि त्यस्ता उम्मेदवारले नियुक्ति लिई सकेको भए नियुक्ति रद्द गर्ने तर्फ आवश्यक कारवाही गरिनेछ ।
- रित नपुगेको वा शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिनेछैन ।